"Quality Education is our motto."
Tel: 078-501112
# श्री जनक माध्यमिक विद्यालय
## Shree Janak Secondary School
गैंडाकोट नगरपालिका-५, नवलपरासी
Gaindakot Municipality-5, Nawalparasi
Estd. 2015

प.सं./Ref. No.:
च.नं./Disp. No.:
मिति/Date: २०७७।०५।३०

आदरणीय अभिभावक ज्यू ,

हार्दिक नमस्कार ।

म अनि यस विद्यालयका सहकर्मी शिक्षक साथीहरु लगायत सबै आरामै छौं । तपाई पनि आरामै हुनुहोला भन्ने पूर्ण आशा गर्दै कुशलताको कामना समेत गर्दछु । विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महाव्याधि संक्रमणका कारण यहाँ र यहाँको आँखाको नानीका रुपमा रहेका बालबालिकाहरु सँग हामीले साक्षात्कार गर्न नपाएको पनि करिव छ महिना भइसके छ । हामी यहाँको सपनाको रुपमा रहेका वर्तमानका साझेदार र भोलिका यो देशका कर्णधारहरुको शैक्षिक क्रियाकलापलाई प्रत्यक्षरुपमा सञ्चालन गर्न सकिरहेका छैनौं । यहाँहरुको बर्षौंको लगानी र बालबालिकाको अध्ययन गरेर धेरै कुरा जान्ने र भविश्य उज्ज्वल बनाउने सपनालाई यो विषम परीस्थितिका कारण कतै लथालिङ्ग पार्ने होकी भन्ने आशंका भइरहेको सन्दर्भमा हामी हजुरसँग पत्र मार्फत जोडिएर बालबालिकाहरु सँग पनि विभिन्न शिक्षण बिधि र प्रविधिका माध्यमबाट जोडिएर उनीहरुको शैक्षिक उन्नयनका लागि केही हदसम्म भए पनि कार्य गर्ने जमर्को विगत देखि नै गर्दै आएको कुरा यहाँलाई जानकारी नै छ ।

विगतमा विद्यालयले आफ्ना बालबालिकाको शैक्षिक गतिविधिलाई सुक्ष्म अवलोकन गर्नका लागि हामी यहाँहरुको घर दैलोमा आएकै थियौं । यस क्रममा विद्यालयले दिएको गृहकार्य पुस्तिकाको परीक्षण गर्ने र विद्यार्थीहरुलाई प्रत्यक्षरुपमा शैक्षिक परामर्श प्रदान गरेका थियौं । हामीले शैक्षिक सत्रको सुरुवातदेखि नै विद्यार्थीहरुको शैक्षिक गतिविधिलाई कुनै न कुनै रुपमा चलायमान गराउनु पर्छ भन्ने अभिप्रायका साथ विभिन्न पाइलाहरु चाल्यौं तर संक्रमणको उच्च जोखिमका कारण हाम्रो अपेक्षा अनुरुप शैक्षिक क्रियाकलाप प्रभावकारी ढङ्गबाट सञ्चालन हुन नसकी विद्यार्थीहरुको अध्ययनमा पुगेको क्षती प्रति संवेदनशिल र दुखित छौं ।

"घर बालबालिका लागि पहिलो पाठशाला र आमाबुवा प्रथम शिक्षक" हुन् भन्ने शास्वत मानयता रहि आएको छ । यहाँहरुले घरमा सिर्जना गर्ने वातावरणले बालबालिकाहरुको शैक्षिक विकासमा प्रत्यक्ष प्रभाव पार्दछ। अभिभावकको प्रत्यक्ष निगरानी र मायालु व्यवहारले बालबालिकाको अध्ययन गर्ने बानीमा सकारात्मक विकास हुने भएकोले तपाईले आफ्नो महत्वपूर्ण समयलाई मिलाएर उपयुक्त वातावरणको सिर्जना गरिदिनुहुन पनि हार्दिक अनुरोध गर्दछौं ।

यो विषम परिस्थितिमा आफ्ना बालबालिकाको स्वास्थ्य अवस्था राम्रो बनाउन अत्यधिक सावधानी अपनाउने, साबुन पानीले हात धुने, मास्कको उचित प्रयोग गर्ने, दुरी कायम गर्ने कुरा एवम् आवश्यक काम बाहेक घर बाहिर नजान भन्ने र घरमा बस्दा अध्ययन गर्नुका साथै सिर्जनात्मक काममा लगाउने जस्ता महत्वपूर्ण कार्यप्रति अभिप्रेरित गर्न आग्रह गर्दछौं । मानव जीवनमा आहार विहारले स्वास्थ्यमा प्रतिकुल र अनुकुल दुबै अवस्था सिर्जना गर्ने हुँदा यहाँहरुले उनीहरुको खानपिनमा पनि यथेष्ट ध्यान पुर्‍याउनु नै हुनेछ ।बालबालिकाको व्यक्तित्व विकासका लागि शारीरिक, वौद्धिक, मानसिक र संवेगात्मक विकास हुन आवश्यक हुन्छ। शारीरिक तन्दुरुस्तीका लागि खेलकुद आवश्यक छ। त्यसैले खेल्नका लागि समयको निर्धारण, टेलिभिजन हेर्ने लगायतका विभिन्न मनोरञ्जनात्मक कार्यक्रम समेतका लागि निश्चित समय तोकि दैनिक समय तालिका बनाएर सो अनुसार क्रियाकलाप गर्न लगाउनु भएमा उनीहरुको चौर्तफी विकासमा यसले महत्वपूर्ण भुमिका निर्वाह गर्न सक्दछ ।

विद्यालयले विद्याथीहरुको शैक्षिक क्रियाकलापलाई विभिन्न बैकल्पिक माध्यमबाट अगाडी बढाउन इन्टरनेटको माध्यमबाट सञ्चालन गरिने अनलाईन कक्षा, वा रेडियो टेलिभिजन लगायत विभिन्न सिकाइ क्रियाकलापका माध्यमबाट सहभागि गराउन विद्यार्थीहरुलाई अभिभावकको उल्लेख्य सहयोग चाहिने भएकोले उक्त विषयमा संयोजन गरिदिनुहुन पनि अनुरोध गर्दछौं । अन्तमा समय सापेक्ष सुझाव र सल्लाहको अपेक्षा सहित यहाँको परिवारको सु-स्वास्थ्यको हार्दिक कामना गर्दछौं।

प्रिय विद्यार्थी ,

न्यानो माया सहित मीठो सम्झना !

म अनि तिम्रा सबै गुरु-गुरुआमाहरु सञ्चै हुनुहुन्छ र तिमी पनि सञ्चै छौ भनि कुशलताको कामना गर्दछु । तिमी र हामी प्रत्यक्ष भेटघाट नभएको पनि करीब छ महिना भयो । विद्यालयमा आउँदा तिमीहरुसँग तिम्रा कक्षाकोठामा प्रत्यक्ष भेटघाट भएर शैक्षिक कृयाकलाप सञ्चालन गर्न नपाउँदा निकै अत्यास लागिरहेको छ । विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ माहाव्याधिको कारण तिमी विद्यालयमा आउन पाएका छैनौ । तिमीलाई कतिपय विषयमा जिज्ञाशा हुन सक्छ तर त्यसको समाधानको लागि हामी टेलिफोन र इन्टरनेट मार्फत जोडीएका पनि छौं । तर कक्षा कोठाको जस्तो सिकाई हुन सकिरहेको छैन । यद्यपी जे जस्तो परिस्थिति र समय आउँछ सोही अनुरुप आफ्ना गतिविधिहरुलाई अगाडि बढाउने र भविश्य उज्ज्वल गराउनु पर्ने भएकोले आफ्ना शैक्षिक गतिविधिलाई निरन्तरता दिने विषयमा सदैव ध्यान दिने नै छौँ। विद्यालयले दिएको गृहकार्य पुस्तिका अनुसार गृहकार्य पनि गरी सक्यौहोला।  आउने दिनमा नेपाल सरकारको निर्देशन बमोजिम विद्यालयले गर्ने जुनसुकै क्रियाकलापमा पनि अनिवार्य रुपमा सहभागी भई शैक्षिक उपलब्धिलाई उच्च बनाउन पनि ध्यान पुऱ्याउने नै छौ । विद्यालयद्वारा सञ्चालन गरिने अनलाइन कक्षा, घुम्ती कक्षा लगायत आवश्यकता अनुसार रेडियो शिक्षा र टेलिभिजन मार्फत पनि सिकाईलाई अगाडि बढाई आन्तरिक मूल्याङ्कन परीक्षा लिने कार्यक्रम रहेकोले तयारी अवस्थामा रहन पनि सूचित गर्दछौँ । केही समस्या आइपरेमा आफ्ना गुरुहरुलाई विभिन्न माध्यमबाट सम्पर्क गरी समस्याको समाधान गर्न सकिन्छ ।

"घर नै विद्यालय र अभिभावक नै शिक्षक" हुन भन्ने कुरा बुझेका तिमीले सोही अनुसार अनुशासनपूर्वक पठन पाठन क्रियाकलापलाई अगाडि बढाउन दैनिक समय तालिकाको निर्माण गरी प्रयोग गर्नेछौ । सरसफाईमा विशेष ध्यान दिने, ताजा र स्वास्थ्य वर्द्धक खानेकुराहरु मात्रै खाने , कुनै काममा बाहिर जानुपर्ने भएमा फर्किएर आएपछि अनिवार्यरुपमा साबुन पानीले हात धुने, आवश्यकता अनुसार मास्कको प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने, घरमा रहँदा अध्ययनका अतिरिक्त अन्य सिर्जनात्मक क्रियाकलाप गर्ने, आमा बाबालाई घरायसी काम काजमा सहयोग गरी काम सिक्ने लगायतका जीवनोपयोगी  काममा खुसी भई लागेकै छौँ होला । यसले तिमीलाई अध्ययनमा थप उर्जा पनि मिल्नेछ । त्यसैले सोही अनुसार कार्यगरी शैक्षिक क्षतिलाई कम गर्न र विद्यालयको शैक्षिक कृयाकलापमा सहभागी हुन पनि जानकारी गराईन्छ । तिम्रो सन्तुष्टि, प्रगति र शैक्षिक उपलब्धिमा सँधै रमाउने इच्छा हामी सबै शिक्षकहरुको रहेकोले त्यसै अनुसार कार्य गर है । तिम्रो सुखद भविष्य हाम्रो आशा भरोसा र अपेक्षा अनि बाबु आमाले देख्नुभएको तिम्रो सुन्दर भविष्यको सपना पुरा गर्न तिमीलाई सधै सकारात्मक विचार धारा सहित सफलता प्राप्त भइरहोस् । तिमीहरुले श्रृङ्गार गरी बनाएको झिलिमिली कक्षा कोठा अनि विद्यालयको रमणीय वातावरणमा रमाउँदै कवाज खेल्ने प्राङ्गणमा तिम्रा साथीहरु सहित सामुहिक रुपमा छिट्टै भेटघाटहुने प्रतिक्षामा.....

तिम्रो सँधै उन्नति भलो र प्रगति चाहने ......


चूडामणि शर्मा

प्रधानाध्यापक

एवम् जनक नमुना माध्यमिक विद्यालय परिवार

गैंडाकोट , नवलपुर


---